नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## राष्ट्रिय किताबखाना (शिक्षक)

म्युजियम मार्ग, छाउनी, काठमाडौं ।

**शिक्षकको व्यक्तिगत कागजात (अभिलेख) मा अनिवार्य रुपमा सिटरोल नं. उल्लेख गर्ने सम्वन्धमा ।**

सामुदायिक विद्यालयमा कार्यरत सबै स्थायी शिक्षकहरूको वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) दर्ता भई सिटरोल नं. कायम भइसकेको (कायम नभएको हकमा शिक्षा ऐन तथा नियमावली बमोजिम कायम गराउनुहुन) अवस्थामा विद्यालय, स्थानीय तह तथा शिक्षा विकास तथा समन्वय इकाइहरूबाट शिक्षकको नियुक्ति, सरुवा, बढुवा, रमना, हाजिरी भएको पत्र र सिफारिस लगायतका सबै व्यक्तिगत कागजात (अभिलेख) मा सिटरोल नं. उल्लेख गरिदिनुहुन अनुरोध छ। साथै यस राष्ट्रिय किताबखाना, (शिक्षक) मा प्राप्त हुने सिफारिस एवम् बोधार्थ प्रतिहरूमा सम्बन्धित शिक्षकको सिटरोल नं. उल्लेख नभएको अवस्थामा एकै नामका एकभन्दा बढी व्यक्ति हुन सक्ने कारणले गर्दा सम्बन्धित शिक्षकको व्यक्तिगत विवरण अद्यावधिक गर्ने कार्यमा द्विविधा हुन जाने र विवरण फरक पर्न गएमा शिक्षकले प्राप्त गर्ने सेवा सुविधामा गम्भीर त्रुटि हुन सक्ने भएकोले सिटरोल नं. नभएका कागजात अभिलेखीकरण गर्न नसकिने अवस्था सिर्जना हुन्छ। अतः अनिवार्य रूपमा शिक्षकका व्यक्तिगत कागजात (अभिलेख) मा सिटरोल नं. उल्लेख गरिदिनुहुन सूचित गरिन्छ।

राष्ट्रिय किताबखाना (शिक्षक)
म्युजियम मार्ग, छाउनी, काठमाडौं ।